## भाग १

# गृहमन्त्रालयको विज्ञप्ति

यही श्रावण १८ गते एक आमसभामा भाषण गर्नुहुनु हुँदाहुँदि श्रीऋषिकेश शाहज्यूले सुरक्षा कानूनको सिलसिलामा भन्नुभएछः-- सुरक्षा कानूनको आधारमा कैयौं व्यक्तिलाई ६ महीनाभन्दा बढी थुनिरहेका छन् र सो सुरक्षा कानूनमा यो छैन। यो भ्रमात्मक आलोचनाको खण्डन गर्नलाई सूचित गरिन्छ कि उक्त कानूनका लगाउ लिई ३३ व्यक्तिहरू पक्राउ भएका थिए। उनीहरूको विषयउपर विचार गर्दै गरिरहेकोले १५ जवानले छुटकारा पाइसके अब १८ जवान नजरबन्द छन्। थुन्ने अवधिको हकमा आवश्यक देखिएको खण्डमा उक्त कानूनअनुसार एक वर्षसम्म पनि सरकारले थुन्न सक्तछ ६ महीनासम्म मात्र भन्ने कुरा बिलकुलै होइन।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।